**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०८ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- केन्द्रीय गृहमन्त्री अमित शाहले आज रायपुरमा नक्सल विरोधी अभियान र विभिन्न विकास कार्यहरूको समीक्षा गर्न दुई उच्चस्तरीय बैठकहरू गर्नुभयो।
- पश्चिम बङ्गाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले एसआईआरको क्रममा माइक्रो पर्यवेक्षकहरूको हस्ताक्षर नक्कली भएको आरोपको छानबिन गर्न माग गर्नु भएको छ ।
- भारतीय विशिष्ट पहचान प्राधिकरणले एक करोडभन्दा अधिक बिधार्थीहरूको अनिवार्य बायोमेट्रिक अपडेटको काम पूरा गरिसकेको छ।
- इण्डियन गोर्खा जनशक्ति फ्रण्टको मिरिक महकुमा अन्तर्गत चार वटा समष्टि समितिहरू गठन गरिएको छ।
- खरसाङ ब्याडमिन्टन एसोसिएसनको सभा आज खरसाङ पार्क लोकेसनमा सम्पन्न भएको छ ।

**छत्तीसगढ़ - अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज छत्तीसगढको राजधानी रायपुरमा नक्सल विरोधी अभियान र विभिन्न विकास कार्यहरूको समीक्षा गर्न दुई उच्चस्तरीय बैठकहरू गर्नुभयो। सोशल मीडियामा पोस्ट गरिएको सन्देशमा उहाले सुरक्षा केन्द्रित रणनीति, पूर्वाधार सुदृढीकरण, नक्सलवादी वित्तीय सञ्जालमाथि कडाइ र आत्मसमर्पणको नीति अवलम्बन गर्दा सकारात्मक परिणाम देखिएको बताउनु भयो। यसाको साथमा श्री शाहले यस वर्ष मार्च ३१ भन्दा पहिले नक्सलवादको पूर्ण उन्मूलन हुने दोहोर्याउनु भयो। गृहमन्त्रीले भन्नुभयो, छत्तीसगढ, जुन कुनै समय नक्सल हिंसाको गढ थियो, अहिले भाजपाको दुई इन्जिन सरकारको नेतृत्वमा विकासको प्रतीक बनेको छ। उहाले खेलकुद, फरेन्सिक र प्राविधिक शिक्षामा रुचि राख्दै राज्यका युवाहरू आफ्नो संस्कृति र परम्पराको संरक्षण गर्दै अगाडि बढिरहेको छ। बैठकमा मुख्यमन्त्री विष्णुदेव साई, उपमुख्यमन्त्री विजय शर्मा, पुलिस प्रशासन र केन्द्रीय सुरक्षा निकायका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। पछि गृहमन्त्रीले नव रायपुरमा आयोजित 'Chhattisgarh@25 : शिफ्टिङ द लेन्स' शीर्षकको राष्ट्रिय सम्मेलनमा प्रमुख अतिथिका रूपमा भाग लिनुभयो।

*Byte*

**शुभेंदु अधिकारी**

पश्चिम बङ्गाल विधानसभाका विपक्षी नेता सुवेन्दु अधिकारीले भारतीय निर्वाचन आयोगको ध्यानाकर्षण गराउनु हुदै विशेष गहन संशोधन प्रक्रिया (एसआईआर) को क्रममा माइक्रो पर्यवेक्षकहरूको हस्ताक्षर नक्कली भएको आरोपको छानबिन गर्न माग गर्नु भएको छ। उहाँले आफ्नो जिल्ला पूर्व मेदिनीपुरमा अनियमितता सार्वजनिक भएको आरोप लगाउनु भएको छ। एक विज्ञप्ति जारी गर्दै अधिकारीले भन्नु भयो, पूर्व मेदिनीपुर जिल्लाको उत्तरकण्ठी विधानसभा क्षेत्रको देशप्राण ब्लकमा एसआईआर अन्तर्गत दावी र आपत्तिको सुनुवाइ प्रक्रियाको क्रममा धेरै मतदान केन्द्रहरूमा माइक्रो पर्यवेक्षकहरूको हस्ताक्षर नक्कली भइरहेको छ। उहाँले यस विषयमा विश्वसनीय स्रोतबाट जानकारी प्राप्त भएको दाबी गर्नु भयो। अधिकारीका अनुसार यस्ता गतिविधि निर्वाचन प्रक्रियाको निष्पक्षतामाथि प्रत्यक्ष आपराधिक आक्रमण हुन् । उहाँले हस्ताक्षर जालसाजीले जनताको विश्वास तोड्ने मात्र होइन, यसले निष्पक्ष चुनावलाई प्रभावित पार्ने षड्यन्त्र पनि देखाउँछ भनि बताउनु भयो। उहँले भारतको निर्वाचन आयोग र पश्चिम बङ्गालको मुख्य निर्वाचन अधिकारीको कार्यालयलाई यी आरोपहरूको तत्काल संज्ञान लिन र निष्पक्ष र गहन अनुसन्धान सुरु गर्न अपील गर्नु भयो। उहाँले आरोप सही भएको पाइएमा दोषीमाथि कडा कारबाही गर्नु पर्ने पनि बताउनु भयो।

**अमित मालवीय**

भाजपाको आईटी सेलका प्रमुख अमित मालवीयले पश्चिम बंगालमा कथित जनसांख्यिक परिवर्तनप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ। सोशल मीडियाको एक पोस्टमा उहाले बङ्गाल द्रुत गतिमा परिवर्तन भइरहेको र जनसंख्या संरचनामा परिवर्तन

यसको प्रमुख कारण भएको बताउनु भएको छ। आफ्नो वक्तव्यमा उहाले भन्नुभयो, 'कुनै पनि सभ्यता तबसम्म सुरक्षित हुन सक्छ, जबसम्म उसले आफ्नो पहिचानको रक्षा गर्छ। अनियन्त्रित घुसपैठले जनसङ्ख्याको अनुपात मात्र प्रभावित गर्दैन, संस्कृति, भाषा, खानपान, चाडपर्व र अन्ततः शक्ति सन्तुलनमा क्रमशः परिवर्तन ल्याउँदै आएको उहाको भनाइ छ। इतिहासलाई उद्धृत गर्दै श्री अमित मालवीयले भन्नुभयो, जुन समाजले जनसांख्यिकीय वास्तविकतालाई बेवास्ता गर्छ, उसले पहिले आफ्नो पहिचान गुमाउँछ र पछि आफ्नो आवाज गुमाउँछ।

**विशिष्ट पहचान प्राधिकरण-एम.बी.यू.**

भारतीय विशिष्ट पहचान प्राधिकरणले एक करोडभन्दा अधिक बिदार्तीहरूको अनिवार्य बायोमेट्रिक अपडेटको काम पूरा गरिसकेको छ। इलेक्टॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्रालयले बताएको छ, प्राधिकरणको क्षेत्रीय कार्यालयहरू अनि राज्यहरूको शिक्षा विभागहरूले मिशन मोडमा काम गर्दै केवल पांच महीनामा 83 हजार स्कूलहरूमा बायोमेट्रिक अपडेट शिविर आयोजित गरयो। यसको निम्ति नानीहरूलाई प्रोत्साहित गर्न अनि यो सेवा सबैलाई सुलभ बनाउनको निम्ति प्राधिकरणले पहिलो अक्तूबर 2025 देखि यस वर्ष 30 सितम्बरसम्म 7 देखि 15 वर्षका आयु वर्गको निम्ति शुल्क माफ गरिदिएको छ।

**अनित**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तकदाह ग्लेनबर्न समष्टिमा आयोजित एक सभालाई सम्बोधनको क्रममा जी टी ए प्रमुख कार्यपाल अनित थापाले तृणमूल कांग्रेसले पहाडको स्वाभिमानको पक्षमा रहेर क्षेत्रियतालाई बचाउने प्रयास गर्दै यहाँका क्षेत्रिय राजनैतिक दलहरुलाई स्वतन्त्रता दिएका, जसको परिणाम स्वरूप यसपालीको चुनावमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले आफ्नै चिन्हमा चुनाव लड्ने जनाउनु भएको छ। अर्कोतिर बीजेपीले गोरखाहरूलाई मास्ने रणनीतिमा भएको बताउदै भाजपा गोर्खाहरुको हितमा भए यहाँको स्थायी समाधान धेरै अघि भई सक्ने आरोप लगाउनु भयो।

**विनय**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा, पूल-बिजनबारी गोक समष्टिका सभासद तथा समष्टि सभापतिको असामयिक निधनपछि पार्टीको संगठनात्मक कार्यलाई सुचारू राख्नका लागि समष्टि महासचिव विनय सुब्बालाई समष्टिको संगठनात्मक जिम्मेवारी दिइएको छ। भागोप्रमो केन्द्रिय अध्यक्ष तथा जीटीए कार्यपाल अनित थापाले एक मिडिया पोस्ट गर्दै महासचिव सुब्बालाई यस अभिभारा दिईएको बताइएका छन। अर्कोतिर आफुलाई यस पदको निम्ति योग्य मान्दै समष्टिको जिम्मेवार दिएको पार्टी केन्द्रिय नेतृत्वप्रती विनय सुब्बाले आभार प्रकट गर्दै आफुले पार्टीको सिपाहीको रूपमा काम गर्दै निष्ठापुर्वक काम गर्ने जनाएका छन।

**क्रामाकपा**

अलग राज्य गोर्खाल्याण्डको मागमा धर्नाको निम्ती क्रामाकपा टोली दिल्ली पुगेका छन्। धर्ना भोलीदेखि  दिल्लीको जन्तर मन्तरमा शुरु हुने बताइएको छ।

**गोर्खा जनशक्ति फ्रण्टको मिरिक**

मिरिक महकुमा अन्तर्गतका समष्टि समितिहरूको संगठनात्मक संरचना सुदृढ बनाउने उदेस्यको साथमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टको मिरिक महकुमा अन्तर्गत चारवटा समष्टि समितिहरू सफलतापूर्वक गठन गरिएको छ। यसमा सियोक–गोपालधारा–ओकइटी समष्टिमा अध्यक्ष:प्रितम तामाङ तथा  सचिव: सोनाम तामाङलाई बनाइएको छ भने मिरिक–थर्बु–डुप्टिन समष्टिको अध्यक्षमा सुमन गुरुङ सचिवमा अनुप सुब्बा यस्तै सौरैनी समष्टि अध्यक्ष: सुरेश थापा सचिव: सरोज क्षेत्री तथा सुकना–पानीघट्टा समष्टिको अध्यक्षमा सुरज सौरिया एव सचिवमा देवराज क्षेत्री चयन गरिएको छ यसैबीच नवगठित यी समितिहरूले नेतृत्व र जनताको बीचको दूरी कम गर्दै सामूहिक प्रगति र संगठनात्मक एकताका लागि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको पार्टीले जनाएको छ।

**पथश्री**

पथश्री प्रकल्प अनुरुप रिम्बिक लोधोमा समस्तीको बाड़ाहट्टा शेर्पा गाउँमा ३.५ कि.मि. सडकको औपचारिक उद्घाटन कार्यक्रम सभासद् नोर्देन शेर्पाको प्रमुख आतिथ्यमा सम्पन्न भयो। कार्यक्रममा लोधोमा–२ ग्राम पंचायतका प्रधान, उपप्रधान, पंचायत सदस्यहरू, समिति कर्माध्यक्ष मिलन प्रधान तथा स्थानीय गाउँलेहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। ३.१७ करोड रुपैयाँको लागतमा निर्माण भइरहेको उक्त सडक परियोजनाले बाड़ाहट्टा शेर्पा गाउँलाई मुख्य सडकसँग जोड्दै आवागमन सहज बनाउने मात्र नभई आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा समेत महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। सडक निर्माणको जिम्मा ठेकेदार निमा शेर्पाले लिएका छन्। यस अवसरमा वक्ताहरूले सडक जस्तो आधारभूत पूर्वाधारले ग्रामीण जीवनशैली परिवर्तन गर्ने र भविष्यका पुस्ताका लागि नयाँ सम्भावनाको ढोका खोल्ने विश्वास व्यक्त गरे।

**घैयाबारी अस्पताल**

खरसांगको घैयाबारी अस्पतालमा फेरि डाक्टरको समस्या देखिएको छ। गत वर्ष घैयाबारी अस्पतालमा डाक्टरको समस्या हुँदा स्थानीयहरुको मागमा बागौरा स्वास्थ्य केन्द्रको डाक्टर नै सप्ताहमा तीनपल्ट यहाँ आउने गरेका थिए। तर अहिले सुकना अस्पतालमा पनि डाक्टरको अभाव हुँदा यहाँ आउने डाक्टर उता व्यस्त हुनु परेको र यहाँ विगत एक हप्तादेखि डाक्टरबिना नै घैयाबारी अस्पताल सञ्चालन भईरहेको जानकारी प्राप्त भएको छ।

*यस विषयमा घैयाबारीका स्थानीयहरुले अस्पतालमा सोधखोज गर्दा विगत एक हप्तादेखि डाक्टरबिना अस्पताल सञ्चालन भईरहेको जानकारी पाएका थिए। उक्त स्थानीय टोलीले सोधखोज गर्दा घैयाबारी अस्पतालमा फेरि डाक्टरको समस्या भएको जानकारी पाएका छन्। घैयाबारीका स्थानीयहरुले घैयाबारी अस्पतालमा दुईजना डाक्टरहरु स्थायी रूपमा हुनु पर्ने माग गरेका छन्। स्थानीयहरुको पक्षमा पत्रकारहरुलाई सम्बोधन गर्दै बिपन विश्वकर्मले घैयाबारीमा फेरि डाक्टरको समस्या शुरु भएको र हामी यहाँ दुईजना डाक्टरहरु स्थायी रुपमा हुनु पर्ने माग राखेका छन्। साथमा उनले जीटीएको स्वास्थ्य विभाग समक्ष निवेदन गर्दै यहाँ डाक्टरको क्वाटर सुन्दरीकरण गरेर पानीको समस्या समाधान गरेर स्थायी रूपमा दुईजना डाक्टर हुनु पर्ने माग राखेका छन्।*

**नक्सलबाड़ी**

सिलीगुड़ी महकमा परिषदले नक्सलबाडी ग्रामीण क्षेत्रको विकासलाई गति दिन निरन्तर सक्रिय भूमिका खेलिरहेको छ। यसै क्रममा आइतबार नक्सलबाड़ीका तीन गाउँमा नयाँ सडक निर्माणको शिलान्यास गरिएको छ। सिलगुडी सिलीगुड़ी महकमा परिषदका अध्यक्ष अरुण घोषले नक्सालबाडीको कोटिया जोत, खलबस्ती र नेहलजोत गाउँमा तीन किलोमिटर सडक निर्माण कार्यको शिलान्यास गर्नुभयो । यी सडक निर्माणका लागि ८० लाख रुपैयाँ लाग्ने र अबको तीन महिनाभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सडक निर्माणको काम सुरु हुनासाथ स्थानीय गाउँलेमा खुसीको लहर देखियो। लामो समयदेखि खराब सडकको समस्यामा परेका गाउँलेले अब आवागमनमा सुविधा पाउने आशामा छन् । सो अवसरमा अध्यक्षले मुख्यमन्त्रीको प्रेरणामा हरेक गाउँमा विकास निर्माणका काम भइरहेको बताउनु भयो। महकमा परिषदले यस क्षेत्रमा समान रूपमा विकासमा ध्यान केन्द्रित गरिरहेको छ र तीन नयाँ सडकहरूमा काम सुरु भएको छ।

**मादक-तस्करी**

नक्सलबाडी पुलिसले लागुऔषध तस्करको षड्यन्त्रलाई विफल पार्दै एक तस्करलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पानीट्यांकी निवासी रहेका छन् । पुलिस स्रोतका अनुसा रहिजो  अबेर राति नक्सलबाड़ी राज्य सडकमा लागुऔषध वितरण भएको सूचना प्राप्त भएको थियो। सूचनाका आधारमा पुलिसले उक्त क्षेत्रमा गस्ती गरिरहेको थियो। यसैबीच एक व्यक्ति शंकास्पद अवस्थामा घुमिरहेको देखेपछि खोज तलासीको क्रममा उनको साथबाट पुलिसले १०० ग्राम ब्राउनसुगर र १५ बोतल कफ सिरप बरामद गरेको थियो । त्यसपछि पुलिसले आरोपीलाई घटनास्थलमै पक्राउ गरेको थियो।

**ब्याडमिन्टन**

खरसाङ ब्याडमिन्टन एसोसिएसनको वार्षिक साधारण सभा आज खरसाङ पार्क लोकेसन स्थित केबीए हलमा संस्थाका अध्यक्ष प्रेमेन्द्र गुरुङको अध्यक्षतामा सम्पन्न भयो। संस्थाका वरिष्ठ सदस्य हिरेन त्रिखत्रीको संयोजनमा सम्पन्न भएको साधारण सभाको मुख्य विषय विगत धेरै समयदेखि थाँतीमा रहेको खरसाङ ब्याडमिन्टन एसोसिएसनको नव कार्यकारिणी समितिको पुनर्गठन रहेको थियो।

*सभामा निवर्तमान सह-कोषाध्यक्ष विशाल आलेले अहिलेसम्मका संस्थाको हिसाब किताबको फाँटवारी प्रस्तुत गरे। यसैगरी निवर्तमान सचिव पियुस राई अनि विमल तामाङले पनि आ-आफ्ना हर-हिसाबको विवरण प्रस्तुत गरे।अध्यक्ष प्रेमेन्द्र गुरुङले वर्तमान कमिटीको विगठन भएको घोषणा गरेपछि संयोजक हिरेन त्रिखत्रीले कमिटी पुनर्गठनको प्रक्रिया आरम्भ गरे। खरसाङ ब्याडमिन्टन एसोसिएसनको आउँदो २०२६-२८ कार्यकालको निम्ति सभामा उपस्थित सबै सदस्यहरूको सर्वसम्मतिद्वारा प्रेमेन्द्र गुरुङलाई नै पुनः अध्यक्षको पदमा मनोनित गरियो साथै दावा भूटिया-सचिव, हेमन्त दर्नाल-सह-सचिव, सरोज गुरुङ-कोषाध्यक्ष, बृज कमल राई- सह-कोषाध्यक्ष अनि विशाल आलेलाई उपाध्यक्षको पदमा मनोनित गरियो। यस्तै आगामी केही दिन भित्रमा नै अन्य कार्यकारी सदस्यहरूको मनोनयन कार्य पनि पूर्ण गरिने अध्यक्ष गुरुङले बताएका छन्।*

## अलीपुरद्वार

अलीपुरद्वार जिल्लाको भुटानको सीमामा अवस्थित प्रसिद्ध जयन्ती महाकाल मन्दिरमा प्रत्येक वर्ष शिव चतुर्दशीका दिन जयन्ती महाकाल मन्दिरमा भक्तजनको भीड लाग्ने गरेको छ। यसै अनुरुप यस वर्ष पनि ठूलो संख्यामा भक्तजन आउने अपेक्षा गरिएको छ। पूजाका लागि तयारी तीव्र गतिमा सुरु भएको छ। भक्तजनलाई सुरक्षित रुपमा मन्दिर पुग्न सकून् भनेर विभिन्न गैरसरकारी संस्था र भण्डारा समितिले आ–आफ्नो स्तरमा जन्ती नदीमा अस्थायी सडक निर्माण गर्ने काम थालेका छन्।

## बालकृष्ण सम

बालकृष्ण संघ, सिलगढीको आयोजनामा नेपाली साहित्यका नाट्यसम्राट बालकृष्ण समको १२३औँ जन्मजयन्ती आज संघको सभाहलमा भव्य रूपमा पालन गरियो। कार्यक्रम संघकी अध्यक्ष श्रीमती सर्मिला गुरूङको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा संघकी सचिव नीलम गजमेरले स्वागत मन्तव्यसहित बालकृष्ण समको जीवनीमाथि प्रकाश पार्नुभयो। त्यसपछि संघका उपाध्यक्ष सविता गजमेर तथा संघकी सल्लाहकार कुसुम विश्वकर्माले कविता वाचन गर्दै समप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

****** ० ******